सरावल गाउँपालिका
Sarawal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Municipal Executive
सरावल,नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
Sarawal, Nawalparasi (Bardghat-Susta West)
लुम्बिनी प्रदेश,नेपाल
Lumbini Province, Nepal

प.स. २०८३/०८४

च.न.

मिति :२०८३।०७।२०

मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम

सञ्चालन सम्वन्धी सूचना

यस सरावल गाउँपालिका कार्यालयको आ.ब.२०८३/०८४ सालको स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि,२०८३ बमोजिम देहायको कार्यक्रम सञ्चालन गर्न इच्छुक सरावल गाउँपालिका भित्रका निजी कृषि फर्म,कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी र कृषि कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनमा कार्यालय समयभित्र यस कार्यालयमा तपसिल अनुसारका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगेका वा म्याद नाघेर प्राप्त प्रस्तावहरू छनोटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ।

क्र.सं.	कार्यक्रमको नाम	संख्या	अनुदान	कार्यक्रम लागू हुने क्षेत्र	लक्षित वर्ग/समुदाय
१	मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम	१	५० प्रतिशत	सरावल गाउँपालिकाको सबै वडा अन्तर्गत	निजी कृषि फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी र कृषि कम्पनी

थप जानकारीका लागि : सरावल गाउँपालिका पशु सेवा शाखा मो.नं। ९८४९१३८१४४,९८२४४१११०२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

(१) आवेदकको नेपाली नागरिकताको प्रतिलिपि।

(२) आवेदक सम्वन्धित सरकारी निकायमा दर्ता र नवीकरण भएको प्रमाणको प्रतिलिपि।

(३) कार्ययोजना अनुरूपको योग्यता, तालिम र अनुभव जनाउने प्रमाणको प्रतिलिपि।

(४) सहकारी संस्थाको हकमा सम्वन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुलेको कागजातको प्रतिलिपि।

(५) संघ,संस्थाको हकमा स्थायी लेखा नम्वर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(६) यसै प्रकृतिको कार्यक्रममा लागि विगत दुई वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र।

(७) कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने अन्य प्रमाण तथा कागजात।